# मध्यपश्चिम विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं:

मिति : २०८२/०५/०२

**मौका परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना**

मध्यपशिचम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालय, सुर्खेतद्वारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरका लागि लिइने मौका परीक्षाको परीक्षा फाराम भरी बुझाउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षा फाराम www.muexam.edu.np मा उपलब्ध Online exam form portal बाट अनलाइन भर्नुका साथै परीक्षार्थी स्वयम्ले भौतिक रुपमा परीक्षा आवेदन फाराम समेत भरी सम्पूर्ण प्रक्रिया पुऱ्याई सम्वन्धित निकायमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालय.जवाफदेही हुने छैन ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| साइन्स एण्ड टेक्नोलोजी | स्नातक (२०२१ भर्ना ब्याच) | B.Sc./B.Sc.CSIT | सातौ |

पुनश्च:

१) उल्लेखित तह र सेमेस्टरको सत्रान्त परीक्षामा एक पटकमात्र सहभागी परीक्षार्थीहरुले परीक्षा फाराम भर्न सक्नेछन् । तर मध्यपश्चिम विश्वविद्यालय, विद्यार्थी रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ को परिच्छेद ६ को बुँदा नं.३६ वमोजिमका विद्यार्थीहरुले मौका परीक्षा फाराम भर्न सक्ने छैनन् ।

२) तोकिएको सेमेस्टरमा कम्तिमा दुई विषय उत्तीर्ण भएका विद्यार्थीहरुले मात्र बाँकी रहेका विषयहरुका लागि मौका परीक्षामा सहभागी हुन पाउनेछन् ।

३) परीक्षा फाराम मिति २०८२ भदौ ०२ गतेदेखि २०८२ भदौ ०८ गतेसम्म नियमित दस्तुर र मिति २०८२ भदौ ०९ गते देखि मिति २०८२ भदौ १० गतेसम्म अतिरिक्त दस्तुर बुझाई फाराम भर्नु पर्नेछ ।

४) सम्बन्धित शिक्षण संस्थाले मिति २०८२ भदौ १२ गते कार्यालय समयमा परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मागर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइ सक्नुपर्नेछ ।

५) परीक्षा फाराम पठाउदा Online Exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षादिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेखगर्न छुट गरेमा वा बिगारेमा आफुले अध्ययनगर्ने शिक्षण संस्था प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनु भन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००।- ( अक्षरुपी चारसय मात्र ) शुल्क बुझाई परीक्षा व्यवस्थापन कार्यालयवाट आवश्यक संशोधनगर्न सकिनेछ ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

परीक्षा व्यवस्थापन प्रमुख

**परीक्षा व्यवस्थापन प्रमुख**